नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

## प्रेस विज्ञप्ति

मिति २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनबाट क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माणको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गरी पुनर्निर्माण तथा मर्मत, आर्थिक पुनरुत्थान, राहत र पुनर्स्थापना सम्बन्धी कार्यलाई तत्काल व्यवस्थित र प्रभावकारी बनाउन उद्देश्यले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२।०६।०५ को निर्णयबाट भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२ जारी भएको । उक्त गठन आदेशले आन्दोलनबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरूत्थान, राहत र पुनर्स्थापना सम्बन्धी कार्यको लागि स्थापना गरेको **भौतिक पूर्वाधार पुनर्निर्माण कोष** मा योगदानका लागि नेपाल सरकारद्धारा देहाय बमोजिम आव्हान गरिएको व्यहोरा जानकारी गराईन्छ ।

### नेपाल सरकारको अनुरोध

मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा भौतिक संरचनामा आगजनी र तोडफोड भई ठूलो क्षति भएको छ। त्यस्ता भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरूत्थान र राहत लगायतका कार्यको लागि **भौतिक पूर्वाधार पुनर्निर्माण कोष** स्थापना गरिएको छ। नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तह, निजी क्षेत्र, स्वदेशी तथा विदेशी नागरिक, गैर आवासीय नेपाली समुदाय, मित्र राष्ट्रहरु, विकास साझेदार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट अमूल्य योगदान गरी राष्ट्र पुनर्निर्माणको महान अभियानमा सहभागी हुन नेपाल सरकार सवैमा हार्दिक आह्वान गर्दछ। यस्तो आर्थिक सहायता रकम योगदानकर्ताको चालु आर्थिक वर्षको करयोग्य आय गणना गर्दा घटाउन/खर्च कट्टी गर्न पाइने छ।

**योगदान रकम जम्मा गर्ने बैंक खाताको विवरण**

**खाताको नाम :-** **भौतिक पूर्वाधार पुनर्निर्माण कोष**
(PHYSICAL INFRASTRUCTURE RECONSTRUCTION FUND)
**बैंकको नाम :-** **राष्ट्रिय बाणिज्य बैंक, सिहदरवार, काठमाडौ ।**
**खाता नं. :-** **196010010207004**
**SWIFT CODE:- RBBANPKA**
योगदान रकम उल्लिखित बैंक खाता वा
QR code मार्फत जम्मा गर्न सकिनेछ।




मिति: २०८२।०६।०८ गते बुधबार

टंक प्रसाप पाण्डेय
सह-सचिव एंव प्रवक्ता

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट: www.mof.gov.np